आज मिति २०८० वैशाख ०४ गतेका दिन यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :– श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :– श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :– श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :– श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :– श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :– श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :– श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :– श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :– श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :– श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :– श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :– श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :– श्री पूर्ण घले

कार्यपालिका सदस्य :– श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :– श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :– श्री मधु माया बगाले

कार्यपालिका सदस्य :– श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :– श्री तारा वहादुर तामाङ

अन्य उपस्थिति :

प्रशासन शाखा प्रमुख :- श्री अर्जुन चपाई

लेखा शाखा प्रमुख :- श्री सुरेन्द्र ढुङगाना



Scanned with CamScanner

**मिति २०८०/०१/०४ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु**

**निर्णय नं १: अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।**

मिति २०७९/१२/०७ गतेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरू कार्यान्वयनको अवस्था र प्रगति बारे यस बैठकमा समीक्षा गरियो।

**निर्णय नं. २: विद्यालय तथा समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धमा ।**

समुदाय स्तरमा र विद्यालयका वालवालिकाहरुको व्यक्तिगत स्वास्थ्य सुधार र स्वास्थ्य शिक्षाको लागि हरेक महिना विद्यालयहरुमा र हरेक वडामा कम्तिमा ३ वटा समुदायमा स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो । सोका लागि सम्बन्धित वडाको स्वास्थ्य चौकीलाई जिम्मेवारी दिने र स्वास्थ्य शाखालाई आवश्यक समन्वयको जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं. ३ : बजेट विनियोजन सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाबाट आ.व.२०७९/०८० मा विनियोजन भएका तपसिल बमोजिमका योजनाहरुको ठेक्काबाट बाँकी हुन आएको रकम रु. ९३,८९,१०८।- बाट निम्नानुसारको योजनाहरुमा रकम विनियोजनको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**बाँकी बजेट विवरण :**

| क सं. | योजनाको नाम | विनियोजित रकम | गा.पा.बाट व्यहोर्ने | सम्झौता रकम | सम्झौता पछि व्यहोर्ने रकम | बाँकी रकम |
|---|---|---|---|---|---|---|
| १ | खुदी-पामचोक-भलामचौर-घलेगाउँ सडक | २८०००००० | ११४००००० | २०८३०१७५.४० | १०४१५०८७.७० | ३५८४९१२.३० |
| २ | खुदी-घनपोखरा-नायु सडक | २०००००००० | १०००००००० | १२२२८५४३.६० | ६११४२७१.८० | ३८८५७२८.२० |
| ३ | बाहुनडाँडा घेर्मु सडक | १०००००००० | ५०००००० | ६१६३०६४.२० | ३०८१५३२.१० | १९१८४६७.९० |
| | जम्मा | | | | | ९३८९१०८.४० |

- वडा नं. ६ को कार्यालय रु.२,५०,०००।- (घेराबार)
- वडा नं. १ को कार्यालय रु ७,५०,०००।- (पर्खाल तथा अन्य निर्माण)
- बाहुनडाँडा स्वास्थ्य चौकी घेराबार, मर्स्याङ्दी -६, रु.१,५०,०००।- (घेराबार तथा बाटो)
- भञ्ज्याङ पर्खाल निर्माण, मर्स्याङ्दी -६, रु. १५०,०००।-

अर्जुन गुरुङ
अध्यक्ष



Scanned with CamScanner

**निर्णय नं. ४ : १० शैया अस्पतालको म्याद थप सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ७ मा अवस्थित १० शैया अस्पताल निर्माण कार्यको ठेक्का नं.**07/MRM/H-Building/2077-78** को यस मर्स्याङदी गाउँपालिका र **Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot** बिच मिति २०८०।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०७८।०१।१४ गतेमा सम्झौता भएको निज Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot बाट रात दिन काम गर्दा आफ्नो काबु भन्दा बाहिरको विषय लगायत कारणहरुले तोकिएको म्याद भित्र काम सम्पन्न गर्ने सत प्रतिशत प्रयास गर्दा पनि समयमा आयोजनाको काम सम्पन्न गर्न असमर्थ रहेको र सोही बमोजिमको Work Plan Schedule र कामको प्रतिबद्धता समेत पेश गरेकाले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ को उपदफा २ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० उपनियम ३ को उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदनमा म्याद थप गर्नको लागि खुलाइएको कारण खरिद सम्झौता बमोजिम मनासिब देखिएकोमा उक्त निर्माण कार्यको मितिः २०८०/०७/१६ गते (६ महिना) अवधि सम्मको म्याद थप गर्ने निर्णय गरियो।

**निर्णय नं. ५ : १० शैया अस्पतालको Quantity Variation गर्ने सम्बन्धमा।**

यस मर्स्याङदी गाउँपालिकाको कार्यालयको वडा नं ७ मा अवस्थित १० शैया अस्पताल निर्माण कार्यको ठेक्का नं.**07/MRM/H-Building/2077-78** को यस मर्स्याङदी गाउँपालिका र **Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot** बिच मिति २०८०।०१।१५ भित्र सम्पन्न गर्ने गरि मिति २०७८।०१।१४ गतेमा सम्झौता भएको र निर्माण कार्य गर्ने क्रममा केही Item हरुको Quantity अपुग रहेको भनी मितिः २०७९-१२-१४ मा दिएको निवेदन अनुसार अध्यायन गर्दा फिल्डमा अत्यावश्यक रहेकोले (Screeding गर्दा Wiring को पाईपहरु छोप्न सहयोग साथै प्राङ्ग्रा वाला उपकरणहरु गुडाउँदा कम क्षती पुग्ने) मर्स्याङदी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १२७ उपनियम १ (ख) मा पन्ध्र प्रतिशत सम्मको भरियेसन आदेश गर्न सक्ने व्यवस्था भएकाले डिजाइन अनुसार थपघट हुने अन्य परिमाण समेतको रिभाइज ल.ई. गरि आवश्यकता र प्राथमिकताका आधारमा आर्थिक ऐन नियमको परिधि र प्रावधान अनुसार भेरिएशन तपसिल वमोजिमको भेरिएशन विवरण तयार गरि स्वीकृतिका लागि मनाशिव देखिएकाले उक्त कार्यहरु गर्दा थप लागत वा आर्थिक दायित्व नपर्ने गरि कार्य अगाडी बढाउन दिने निर्णय गरियो।

| | |
|---|---|
| योजनाको नाम | Construction of 10 Bed Hospital at Marsyangdi, Lamjung |
| ठेक्का नं | 07/MRM/H-BUILDING/2077-78 |
| निर्माण व्यवसायीको नाम | M/S Shrinkhala Nirman Sewa Pvt. Ltd, Bidur-04, Nuwakot |
| स्वीकृत लागत अनुमान | रु १०,२७,३९,१५८.८४ (भ्याट सहित) |
| संसोधित लागत अनुमान | रु १०,२३,०६,३१३.६८ (भ्याट सहित) |
| स्वीकृत ठेक्का अंक | रु ६,९७,५०,६३५.९२ (भ्याट सहित) |
| भेरिएशन पछि हुने ठेक्का अंक | रु ६,९७,४८,९१६.७३ (भ्याट सहित) |
| भेरिएशन अनुसार घटी/बढी हुने अंक | रु -१,७१९.१८ (भ्याट सहित) |
| भेरिएशन अनुसार घटी/बढी हुने प्रतिशत | -०.००२४६% |



अर्जुन गुरुङ
अध्यक्ष

Scanned with CamScanner

**निर्णय नं.६ : कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।**

निम्न कार्यविधिहरु माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

- मर्स्याङ्दी गाउँपालिकाको हलुका सवारी साधन (तिन पांग्रे, चार पांग्रे) सञ्चालन तथा नियमन सम्बनधी निर्देशिका, २०८०
- बाल अधिकार समिति, सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
- राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली कार्यान्वयनको आधार तयार गर्नका लागि मर्स्याङ्दी गाउँपालिकामा TEVT सञ्जाल गठन तथा परिचालन मापदण्ड, २०८०
- मर्स्याङ्दी गाउँपालिका व्यवसायिक कृषि/पशु फर्मलाई प्रोत्साहन अनुदान कार्यविधि, २०८०

**निर्णय नं.७ : तेस्रो अध्यक्ष कप आयोजना गर्ने सम्बन्धमा ।**

पालिका भलिबल संघ, मर्स्याङ्दी गाउँपालिकाद्धारा प्रस्तावित तेस्रो अध्यक्ष कप वडा स्तरीय पुरुष भलिबल प्रतियोगिता आयोजना गर्ने र सोका लागि विविध कार्यक्रम खर्च (२२५२९) वडा स्तरीय र विद्यालय स्तरीय खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिर्षकबाट रु.४,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ : ग्रामीण सामुदायिक विकास केन्द्रलाई बायो ईन्जिनियरिङ साईट सिफारिस गर्ने सम्बन्धमा ।**

ग्रामीण सामुदायिक विकास केन्द्र, बेसीशहर, लमजुङको मिति २०७९/१२/२७, प.सं. ०७९/०८० च.नं. RCDC/LRP/13 को पत्र मार्फत जानकारी भए अनुसार यस गाउँपालिकाको वडा नं २ भदौरे र वडा नं. ३ को थाकान गाउँ जोखिममा रहेकोले उक्त २ वटा गाउँहरुमा पालिकाको लागत साझेदारीमा प्रकृतिमा आधारित समाधानका उपायहरु र जैबिक ईन्जिनियरिङ कार्य गर्न सिफारिसका साथ कार्यन्वयन गर्ने निर्णय गरियो । सोका लागि आवश्यक लागत साझेदारी विपद् व्यवस्थापन कोषबाट गर्ने निर्णय गरियो

**निर्णय नं. ९ : एच आई भि सक्रमितहरुलाई आर्थिक सहयोग स्वरुप सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने सम्बन्धमा ।**

मिति २०७९/०४/३१ को कार्यपालिकाको निर्णय र मिति २०७९/०५/०१ को यस कार्यालयको सुचना उपर पेश भएका निवेदन साथ संलग्न कागजातका आधारमा एच आई भि संक्रमितहरुलाई उपलब्ध गराउनु पर्ने औषधी उपचार खर्च (सामाजिक सुरक्षा र संरक्षण वापत) कार्यक्रम खर्च (२२५२२) शिक्षा तर्फ विनियोजित बजेटबाट रकमान्तर गरि उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १० : डुङ्गा खरिदलाई बजेट विनियोजन गर्ने सम्बन्धमा :**

मिति २०७९/१२/२४ को जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयानुसार जिल्ला भित्र डुङ्गा नभएकोले भविष्यमा नदीमा बगेको व्यक्तिहरुको उद्धार गर्न रबरको डुङ्गा खरिद गर्न प्रत्येक पालिकाहरुले रु.१,००,०००।- का दरले जिल्ला विपद् व्यवस्थापन कोषमा जम्मा गर्नुपर्ने भएको हुँदा यस मर्स्याङ्दी गाउँपालिकाको विपद् व्यवस्थापन कोषबाट रु.१,००,०००।- जिल्ला विपद् कोषमा जम्मा गर्ने निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष



Scanned with CamScanner

निर्णय नं. ११ : निम्नानुसारको विल भुक्तानी गर्ने सम्बन्धमा :

- मर्स्याङ्दी -२, रोप्ले खोला टोल निवासी सिँग बहादुर तामाङ सहितको टोलिको निवेदन अनुसार खानेपानीको अत्यन्तै समस्या परेको हुँदा खानेपानी पाईप उपलब्ध गराएको विल रु.१२५९९।- भुक्तानी दिने निर्णय गरियो ।
- मर्स्याङ्दी -९, भलाम निवासी विरेन्द्र भण्डारीको निवेदन अनुसार त्यस बस्तिमा खानेपानीको अत्यन्तै समस्या परेको हुँदा खानेपानी पाईप उपलब्ध गराएको विल रु.१३१९९।-भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. १२ : आर्थीक सहयोग सम्बन्धमा :

क) **विविध कार्यक्रम खर्च (२२५२९)अन्तर्गतको विभिन्न धार्मिक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी खर्च शिर्षकबाट** निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- मनास्लु यूवा क्लव, मर्स्याङ्दी -३, ढगैं रु.३०,०००।-
- सिद्धार्थ यूवा क्लव, मर्स्याङ्दी -३, बुद्धबजार रु.२५,०००।-
- पेशागत महासँघ नेपाल, लमजुङ रु.१५,०००।-
- न्यू स्टार स्पोर्ट यूवा क्लव, मर्स्याङ्दी -४, कालाधिरिङ रु.२५,०००।-
- नेपाल राष्ट्रिय शिक्षक संगठन, लमजुङ, रु.२०,०००।-
- नेपाल क्रान्तिकारी ट्रेड युनियन फेडरेसन रु. १५,०००।-
- नेपाल उत्पीडित जातीय मुक्ति समाज, लमजुङ, रु. २५,०००।-
- घनपोखरा यूवा क्लव, मर्स्याङ्दी १,२ रु.३०,०००।-
- पर्यटन व्यवस्थापन समिति, ग्रामीण पर्यटन, घलेगाउँ, लमजुङ रु.३०,०००।-

ख) विविध कार्यक्रम खर्च (२२५२९) र अन्तर्गतको **विपद् व्यवस्थापन कोषबाट** निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- गुम बहादुर गुरुङ, मर्स्याङ्दी -७, रु. ३५,०००।- (आगलागीबाट घर पूर्ण रुपमा क्षति)

अर्जुन गुरुङ
अध्यक्ष



Scanned with CamScanner